मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

सत्रान्त परीक्षा - २०८१

**बी.एड./पाँचौं सेमेस्टर**

विषय: ऐतिहासिक भाषाविज्ञान (नेपा.शि. ४५४/४५५)

---

सिम्बोल नं. ..........................

**समूह 'क'** 	१०x१= १०

**सर्वोत्कृष्ट उत्तरमा रेजा (✓) चिन्ह लगाउनुहोस् :**

१. कुन परिवारका भाषामा मध्यसर्गको प्रयोग हुन्छ ?
(क) जापान कोरियाली (ख) आग्नेली
(ग) ककेसियाली (घ) अमेरिकाली

२. नेपालमा वोलिने कुसुन्डा भाषा कुन भाषा परिवारभित्र पर्दछ ?
(क) द्रविड परिवार (ख) भोटचिनियाँ परिवार
(ग) आग्नेली परिवार (घ) एकल परिवार

३. तलका कुन शव्दमा उष्मीभवनको स्थिति देखिन्छ ?
(क) विरामी - विमारी (ख) धाँधली - धाँदली
(ग) रात्री - रात (घ) माथितिर - मास्तिर

४. नेपालका माझी भाषी वक्ताको वसोवासको मुख्य क्षेत्र कुन हो ?
(क) झापा र मोरङ (ख) कोशी र गण्डकी नदीका किनार
(ग) मनाङ र मुस्ताङ (घ) दोलखा र रामेछापको आसपास

५. मगर भाषाको लिपि कुन हो ?
(क) तामयीग (ख) देवनागरी
(ग) अखा (घ) रोमन

६. क्रेओल भाषाको विशेषता कुन हो ?
(क) सामाजिक प्रतिष्ठा प्राप्त भाषा (ख) काम चलाउ भाषा
(ग) अस्थायी प्रकृतिको भाषा (घ) स्तरहीन भाषा

७. मध्यकालीन आर्यभाषाको समय कुन हो ?
(क) ई. पू. ५०० देखि ई. १००० सम्म
(ख) ई. पू. १५०० देखि ई. ५०० सम्म
(ग) ई. पू. ५०१ देखि इसाको प्रारम्भसम्म
(घ) इसाको प्रारम्भदेखि इसाको ५०० सम्म

८. कुन कालमा आर्य भाषाका पालि र अभिलेखी प्राकृत भेद जन्मिए ?
(क) प्राचीन आर्यभाषा काल (ख) द्वितीय प्राकृत काल
(ग) आधुनिक आर्यभाषा काल (घ) प्रथम प्राकृत काल

९. प्रकृति र प्रत्ययको आधारमा गरिने भाषाको पारिवारिक वर्गीकरण कुन हो ?
(क) भौगोलिक वर्गीकरण (ख) पारिवारिक वर्गीकरण
(ग) समतामूलक वर्गीकरण (घ) आकृतिमूलक वर्गीकरण

१०. भाषिक परिवर्तन हुने वाह्य कारण कुन हो ?
(क) भौगालिक प्रभाव (ख) भावुकता
(ग) प्रयत्नलाघव (घ) काव्यात्मकता

**मध्यपश्चिम विश्वविद्यालय**

# परीक्षा व्यवस्थापन कार्यालय

**सुर्खेत, नेपाल**

**सत्रान्त परीक्षा - २०८१**

**बी.एड./पाँचौं सेमेस्टर** **पूर्णाङ्क: ६०**

**समय: ३ घण्टा** **उत्तीर्णाङ्क: ३०**

विषय: ऐतिहासिक भाषाविज्ञान (नेपा.शि. ४५४/४५५)

---

*परीक्षार्थीहरूले सकेसम्म मौलिक र आफ्नै शब्दमा प्रश्नहरूको उत्तर दिनुपर्नेछ ।*

**समूह 'ख'** **६x५= ३०**

**तल दिइएका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

१. ऐतिहासिक र तुलनात्मक भाषाविज्ञानको सम्वन्ध देखाउनुहोस् ।

२. भाषिक परिवर्तनका बाह्य कारणहरू उल्लेख गर्नुहोस् ।

३. नेपालमा बोलिने भाषा परिवारको जानकारी दिदै एकल र द्रविडेली भाषा परिवारअन्तर्गतका भाषाको वर्णन गर्नुहोस् ।

**अथवा**

भारोपेली परिवारको नामाकरण गर्दै सतम् र केन्तुम वर्गका भाषालाई तालिकामा देखाउनुहोस् ।

४. आन्तरिक पुननिर्माण पद्धतिका आधारमा भाषाको इतिहासको खोजी कसरी गर्न सकिन्छ ? स्पष्ट गर्नुहोस् ।

५. अर्थ परिवर्तनका प्रकारलाई उदाहरणसहित स्पष्ट गर्नुहोस् ।

६. भारोपेली परिवारअन्तर्गतका नेपालका प्रमुख भाषाको जानकारी दिनुहोस् ।

**अथवा**

आर्यभाषा र यसको विकासक्रम उल्लेख गर्नुहोस् ।

**समूह 'ग'** **२x१०= २०**

**तल दिइएका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

७. ध्वनि परिवर्तनका प्रकारहरू उल्लेख गर्दै पिजिन र क्रेओल भाषाको परिचय सहित यसका भाषिक विशेषता उल्लेख गर्नुहोस् ।

८. भाषाको पारिवारिक वर्गीकरणका आधारहरू उल्लेख गर्दै संसारका भाषाको आकृतिमूलक वर्गीकरण गर्नुहोस् ।

**अथवा**

संसारमा बोलिने प्रमुख भाषापरिवारको सूची तयार गरी अफ्रिकाली भाषा परिवार भित्रका भाषा र यिनका भाषिक विशेषता उल्लेख गर्नुहोस् ।

**समाप्त**